**28 AUGUST 2024**

- **CM Return**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ राजधानी दिल्लीको आधिकारिक भ्रमणपछि राज्य फर्किनुभएको छ। आज राज्य फर्किनेक्रममा उहाँलाई बागडोग्रा विमानास्थलमा प्रोटोकल शाखाका अधिकारीहरूले स्वागत जनाए।

यसअघि आज बिहान उहाँले नयाँ दिल्लीमा केन्द्रिय कार्मिक, जन गुनासो तथा पेन्सन राज्य मन्त्री डाक्टर जितेन्द्र सिंहसित भेट गर्दै राज्य र राज्यवासीसित सम्बन्धित विभिन्न विषयहरूमाथि चर्चा गर्नुभयो। श्री तामाङले यो भेट आ-आफ्ना विचार साझा गर्ने र विभिन्न गुनासोको समाधानका तरिकाबारे चर्चा गर्ने एउटा महत्त्वपूर्ण अवसर रहेको बताउनुभएको छ।

यसैक्रममा उहाँले हिजो नयाँ दिल्लीस्थित पुरानो सिक्किम हाउसमा बिरामीहरूसँग भेट गर्नुभयो। विशेष रूपमा दिल्लीका विभिन्न अस्पतालमा उपचाराधीन राज्यका बिरामीहरूसित भेट गर्दै मुख्यमन्त्रीले उनीहरूको समस्या समाधान गर्ने प्रयास गर्नुभयो। श्री

तामाङले बिरामीहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्नुभएको छ।

--------------------------------------X--------------------------------------

- **CM**

मुख्यमन्त्रीले भन्नुभएको छ, भारत संयुक्त राज्य अमेरिका र चीनलाई पछि छोड्दै विश्वमा सबैभन्दा द्रुत गतिमा बढ्दो प्रमुख अर्थव्यवस्था बनेको छ, जुन प्रधानमन्त्री श्री नरेन्द्र मोदीको प्रभावी नेतृत्वको प्रमाण हो। उहाँले एउटा सोसल मिडिया पोस्टमार्फत प्रधानमन्त्रीलाई आश्वस्त गर्दै भन्नुभएको छ, सिक्किमवासी उहाँको विकसित भारतको परिकल्पनाको पूर्ण समर्थन गर्दछन्।

--------------------------------------X--------------------------------------

- **TRAI Review Paper**

भारतीय दूरसञ्चार नियामक प्राधिकरण (ट्राई)-ले आज जारी गरेको एउटा समीक्षा परामर्श पत्रमा अपञ्जीकृत टेलीमार्केटर्स विरूद्ध नियमलाई दह्रिलो बनाउन सार्वजनिक टिप्पणीहरू मागेको छ।

प्राधिकरणले विशेषगरी मानिसहरूलाई सताउने Spam कलको मुद्दाको समाधानका लागि टिप्पणी मागेको हो। सुधारका अन्य क्षेत्रहरूमा व्यवस्थित गुनासो निवारण तन्त्र, अधिक प्रभावी UCC पहिचान प्रणाली, नियामक प्रावधानको उल्लंघनका लागि दह्रिलो वित्तीय प्रोत्साहन र प्रेषक अनि टेलीमार्केटर्सका लागि संशोधित नियम सामेल छन्।

प्राधिकरणको वेबसाइटमा उपलब्ध परामर्श पत्रमा आगामी महिनाको पच्चीस तारिकसम्ममा हितधारकहरूसित लिखित टिप्पणीको अनुरोध गरिएको छ।

--------------------------------------X--------------------------------------

- **Tourism Minister Visit**

पर्यटन विभाग मन्त्री श्री छिरिङ T भोटियाले चेन्नइको आधिकारिक भ्रमणमा निस्किने क्रममा आज बागडोग्रास्थित पर्यटक सूचना केन्द्रको निरीक्षण गर्नुभयो। उहाँको यो भ्रमण राज्यको पर्यटन पूर्वाधारको आकलन र अभिवृद्धिमाथि व्यापक कार्यसूचिको एउटा भाग हो। यसैक्रममा यो सप्ताह उहाँको सिलङमा केन्द्रिय मन्त्रीगणसित भेट्ने कार्यक्रम पनि रहेको छ।

यसअवधि श्री भोटियाले केन्द्रका कर्मचारीहरूको गुनासो सुन्नका साथै तत्काल आवश्यक विषयबारे जानकारी लिनुभयो। राज्यको भ्रमणमा आउने पर्यटकहरूको पहिलो प्रभावलाई आकार दिनमा रहेको पर्यटक सूचना केन्द्रको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्दै मन्त्रीले कर्मचारीहरूलाई केन्द्रको सञ्चालनमा अभिवृद्धिका लागि राज्य सरकारले आवश्यक सहयोग उपलब्ध गर्ने आश्वासन दिनुभयो।

उहाँको यस भ्रमणको उद्देश्य ति क्षेत्रहरूको पहिचान गर्नु रहेको थियो, जसमाथि तत्काल ध्यान दिनका साथै सुधार गर्न आवश्यक छ। उहाँले भ्रमणकारीहरूका निम्ति सहज र स्वागतपूर्ण अनुभव सुनिश्चित गर्न केन्द्रको स्तरवृद्धि गर्न आवश्यक रहने बताउनुभयो।

भ्रमणअवधि मन्त्री श्री भोटियाले राज्य पर्यटन विकास समितिका सदस्यहरूसित पनि भेट गर्नुभयो।

--------------------------------------X--------------------------------------

- **District Level Meeting**

राष्ट्रिय पञ्चायत पुरस्कार मूल्याङ्कन 2024-का लागि जिल्ला स्तरीय बैठक मंगनका जिल्लाधीशको कार्यालयमा सम्पन्न भयो। जिल्लाधीश एवं जिल्ला पञ्चायत कार्यसम्पादन मूल्याङ्कन समितिका अध्यक्ष श्री अनन्त जैनको अध्यक्षतामा आज बसेको बैठक जिल्लाभित्रका पञ्चायतहरूको कार्यसम्पादनको मूल्याङ्कनमाथि केन्द्रित थियो।

राष्ट्रिय पञ्चायत पुरस्कारमा दिनदयाल उपाध्याय पञ्चायत सतत विकास पुरस्कार र नानाजी देशमुख सर्वोत्तम पञ्चायत सतत विकास पुरस्कार रहेका छन्।

बैठकमा यस पुरस्कारको मूल्याङ्कनका लागि मापदण्ड र प्रक्रियालाई केन्द्रित गरिएको थियो, जहाँ प्रत्येक विभागले जिल्ला पञ्चायतहरूको समग्र मूल्याङ्कनका लागि सहयोग गर्न आ-आफ्नो सुझाउ राखे।

--------------------------------------X--------------------------------------

- **EVM Shifting to Strong Room**

आम चुनाउपछि आज गेजिङ जिल्लाको क्योङसा कन्या वरिष्ठ माध्यमिक विद्यालयस्थित स्ट्रङ रूमबाट Electronic Voting

Machine (EVM)-हरू यहाँको Warehouse-मा सार्ने काम सफलतापुर्वक सम्पन्न भयो।

आम चुनाउको समापनपछि यी मसिनहरू सुरक्षितसाथ सिलबन्द गरेर तोकिएको स्ट्रङ रूपमा राखिएको थियो, जसलाई आज भारतको निर्वाचन आयोगको निर्देशनपछि Warehouse-मा सारिएको हो।

गेजिङ मुख्यालयकी अतिरिक्त जिल्लाधीश सुश्री रजनी शर्माको निगरानीमा सम्पन्न प्रक्रियामा गेजिङका अतिरिक्त जिल्लाधीश श्री सुरेश राई र चुनाउ विभागका उपसचिव श्री अग्निप्रसाद छेत्रीसहित विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरू रहेका थिए।

-------------------------------------X-------------------------------------

- **New Cooperative Chairman**

डाक्टर मंगलजित राई सिक्किम राज्य सहकारी संघ (सिकन)-का अध्यक्ष बन्नुभएको छ। हिजो बसेको संघको उन्साट्ठीयौं बोर्ड सभामा सर्वसम्मतिद्वारा उहाँलाई यस पदका निम्ति चयनित गरिएको हो। संस्थानको आसाम लिञ्जेस्थित कार्यालयमा बसेको सभामा उपाध्यक्षको पदमा श्री पूर्ण प्रसाद शर्मालाई चयन गरिएको छ। सिकनको बोर्ड अध्यक्ष र उपाध्यक्षको चयन साथै नवगठित

बोर्ड सदस्यहरुलाई लिएर कार्यकारी समिति गठन गर्ने उद्देश्यका साथ आयोजित सभामा संगठनभित्र उपसमिति र कार्यकारी निर्देशक अनि कार्यकारी समिति गठन गर्ने प्रक्रिया अघि बढाइयो।

पदभार सम्हालेपछि डाक्टर राईले आफ्नो सम्बोधनमा दिगो विकास र प्रगति हासिल गर्न एकता र सामूहिक प्रयासको महत्त्व आवश्यक रहने कुरामाथि जोड दिनुभयो। उहाँले सुनौलो र समृद्ध सिक्किमलाई अघि बढाउन साझा लक्ष्यमा मिलेर काम गर्न सबै सदस्यहरूलाई आह्वान गर्नुभयो।

---------------------------------------x--------------------------------------